# नाइल तथा युफ्रेटस सभ्यताको परिप्रेक्ष्यमा कानुनको विकास

*डा. यवराज संग्रौला* *

* प्राध्यापक, अन्तराष्ट्रिय कानुन तथा कानुन दर्शन, काठमाडौं स्कुल अफ ल

Email: yubaraj.sangroula@ksl.edu.np

विद्यार्थी कलम

# नाइल तथा युफ्रेटस सभ्यताको परिप्रेक्षमा कानूनको विकास

–युवराज संग्रौला
डिप्लोमा प्रथम सत्र

संसारमा कानूनप्रति आदरको (Respect for the law) को शुरूवात यूनानमा प्रथम नगर राज्य (City state) स्पार्टाको स्थापनापछि मात्र भयो। जब यूनानी दार्शनिकहरूले नगर राज्यको स्थापनाको लागि आफ्नो चिन्तन शुरूगरे तब तमाम राजनैतिक आदर्शको शुरूवात भयो। यिनै राजनैतिक आदर्शमा हामी न्याय, स्वतन्त्रता, कानूनप्रति आदर र संवैधानिक शासन (Constitutional government) जस्ता कुराहरू पहिलोचोटि पाउँछौं।

यूनानमा प्रथम नगरराज्य स्पार्टाको स्थापना महात्मा दार्शनिक सोकरेटेसको जन्मभन्दा पहिला ई. पू. दोश्रो शताब्दीतिर नै भएको थियो। वास्तवमा यो त्यो युग थियो, जसलाई यूनानको सभ्यताको युग भनी भनिन्छ। यस युगलाई दाँजिर हेर्दा यूनानको सभ्यता प्राचीन मिश्र तथा मेसोपोटामियाको सभ्यताभन्दा निकै पछि पर्दछ।

स्पार्टालाई दार्शनिकहरूले नगरराज्यको रूपमा त स्थापना गरि छोडे तर उनीहरूको यो काम छोटो अवधिमा नै असफल भयो। यो असफलता नै इतिहासमा राजनीतिक दर्शनको अविच्छिन्नताको कारण बन्नगयो। किनकि नगरराज्य असफल भएपछि यहाँ आएर प्राचीनकाल देखि चलेर आएको राजनीतिक दर्शनको लहरो नै चुँडियो र नयाँ राजनीतिक दर्शनको चिन्तन शुरू हुन थाल्यो।

जब नव चिन्तन शुरू भयो आवश्यकता पूर्तिको लागि संसारमा दुई विकल्पको जन्म भयो। अर्कोतिर यही समयमा इसाई धर्मको उत्पत्तिले त्यसताकको राजनीतिक दर्शनलाई सहीरूपमा आफूतिर परिवर्तन गराउन सके तापनि राजनीतिक अविच्छिन्नता भने फेरि आएन। यस राजनीतिक अविच्छिन्नतापछि व्यक्तिको विकास व्यक्तिगत रूपमा (Individual development) हुनथाल्यो।

यस कालमा मानिसलाई सबैभन्दा आवश्यक कुरा आफ्नो जीवनको आदर्शप्रति र अन्य व्यक्तिसंगको आदर्श प्रति चिन्तन गर्नु थियो, किनभने यिनै दुई कुरा यस्ता थिए जसले मानिसलाई यस संसारको निर्माण गर्न सक्षम बनाए। यसपछि मानिसले जीवनप्रति आदर्श पुरागर्न आचरण शास्त्र र अन्य व्यक्तिसंगको सम्बन्ध प्रतिको आदर्श पूरागर्न मानव भ्रातृत्वको सिद्धान्तको विकास गरेर इतिहासको पहिलो आवश्यकताको रूपमा प्राकृतिक तथा नैतिक कानून (Natural or Moral law) को शुत्रपात गरे, जुन कुरा कानूनमा इतिहासको प्रथम घटना हो।

आधुनिक कानूनका पूराना विधिवेत्ता सिसेरो र जस्टिनियनभन्दा पहिलाको कानूनी सिद्धान्त संभवतः आजभोलिको कानूनको इतिहासमा देखिदैंन। त्यसैले यहाँ सकेसम्म युनानी सभ्यताभन्दा पुरानो सभ्यता मिश्रको सभ्यता तथा समकालीन सभ्यतामा कानूनको के कस्तो

छ भन्नेकुरा उल्लेख गरिन्छ ।

एकचोटि कानूनमा दृष्टिपातगर्दा विषयवस्तु नहोला त्यसैले संगसंगै सभ्यताको पनि छोटो परिदिइनेछ । यूनानी सभ्यता भन्दा निकै पहिला अर्थात् ई. पू. पहिलाका सभ्यताहरूमा पनि कानूनको निकै परिष्कृत तथा मर्यादित भएको पाइन्छ । प्राचीन मा प्रमुख कहलाएका सभ्यताहरूमध्ये मिश्रको पनि एक हो । मिश्रको सभ्यतालाई लगभग नियोलिक संस्कृति (Neolothic culture) को युगले को छ तैपनि मिश्रको खास सभ्यता भने ३२०० ई.पू. मात्र स्पष्ट छ, किनभने यो युगभन्दा अघि नाइल को उपत्यकामा कुनै संगठित राज्य थिएन, त्यसैले तिको एकै रूप पाइँदैन ।

मिश्रको सभ्यताभित्र पनि खास युगहरू छन्, अनुसार ५००० ई. पू. देखि ३२०० ई. पू. सम्मको लाई पूर्व वंशजको युग (Pre Dynastic Age) न्छ । यो युगमा मिश्र राज्य एक संगठित राज्य नभै नगर राज्यहरूमा विभाजन थियो र प्रत्येक नगर आपसमा स्वाधीन थिए । पछि नगर राज्य लोप दुई शक्तिशाली राज्यको स्थापना भयो तर २३०० मेनास (Menes) वंशका राजाले यी दुवै राज्य- राजनीतिक दृष्टिकोणले एकै राज्यमा एकीकृत गरे । युगलाई मध्यकालीन युग भनिन्छ । यही युगको देखि मिश्रको सभ्यतामा कानूनको पनि जन्म ।

मिश्रका जनता धर्मको ठूलो आदर गर्दथे । नैति- भन्दा बाहिर जानु मिश्री जनताको लागि पापगर्नु यो । राजाको सम्मान गर्नु उनीहरूको धर्म थियो, किन राजालाई उनीहरू भगवानको दूत मान्थे । यसैले राजाले जे गर्छ ठिकै गर्छ, गल्ती गर्दैन भन्ने प्राचीन का जनताको भनाई पाइन्छ । कानूनको अधिपति नै हुन्थे । राजाले कानून बनाउँथे तर त्यस कानूनमा नको पनि सहमति छ भन्ने कुरामा विश्वाश न्थ्यो । त्यसैले कानूनको उल्लंघन गर्न राजा आफै पनि उँथे । न्याय र सामाजिक व्यवस्था दुवै राजाको मा भएता पनि सार्वजनिक सुरक्षा तथा न्याय-व्यवस्था- को सुप्रबन्ध गर्न अदालतको व्यवस्था गरिएको थियो । जम्मा छ वटा अदालतको व्यवस्था गरिएको पाइन्छ तर व्यावसायिक रूपमा न्यायाधीशको उल्लेख गरिएको छैन । कानूनी व्यवस्थामा राजा नै मुख्य न्यायाधीशको रूपमा मानिन्थे । न्यायको स्तर उच्चकोटीको होस् भन्ने दृष्टिकोणले न्यायिक कार्यविधिमा सरसल्लाह दिन विधिवेत्ता को व्यवस्था गरेको थियो जसले मुद्दाको सन्दर्भमा राजालाई पनि सल्लाह दिने गर्दथे । छ वटा अदालतको व्यवस्था गरेको थियो तापनि कुन अदालतले कस्तो मुद्दा हेर्ने हो सो उल्लेख भएको छैन । प्रत्येक अड्डामा न्यायाधीश प्रशासनिक अधिकृतको रूपमा रहेका हुन्थे र प्रत्येक अड्डामा एक जना प्रमुख प्रशासनिक अधिकृत रहन्थ्यो र कहिले काहिं अन्य उच्चस्तरीय पद समेत ग्रहण गर्दथ्यो ।

मिश्रको प्राचीन कानूनले मृत्युदण्डलाई अवैध घोषित गरेको छ र अन्य सभ्यताका कानूनले मृत्युदण्डलाई जस्तो अपराधीलाई दास दासी बनाउने चलनलाई पनि अस्वीकार गरेको छ । सजायको लागि मुख्यरूपमा जरिवाना नै गर्ने चलन देखिन्छ ।

पुनरावेदनको उल्लेखसम्म गरिएको छ तापनि कुन अड्डामा कस्तो पुनरावेदन लाग्ने हो सो कुराको उल्लेख गरिएको पाँइदैन । तर राजा समक्ष पुनरावेदन गर्ने सम्बन्धमा भने कुनै निर्णयउपर चित्त नबुझे खास परिस्थितिमा पुनरावेदन गर्न सकिने भन्ने व्यवस्था गरिएको छ ।

कुनै पनि ऐन कानूनको संहिताकरणको व्यवस्था नगरिएको हुनाले मुद्दाको निर्णय गर्दा चलन परम्परा तथा पूर्वनिर्णयलाई आधार मान्ने गर्दथे । मुद्दाको फैसला भएपछि त्यसको कार्यान्वयन समेत अदालतले नै गर्ने चलन थियो ।

कानूनको अगाडि राजा प्रजा समान हुन्थे । राजपरिवारका मुद्दा पनि अदालतले हेर्दथ्यो भन्ने अनुमान गर्न सकिन्छ, किनभने राजाको सम्पतिमा प्रशासनले चियो गरिरहन्थ्यो । यदि राजसम्पति अनुचित किसिमबाट आर्जन भएको छ भन्ने लागेमा त्यही कार्यविधि लागू गरिन्थ्यो जुन कार्यविधि अन्य संदिग्ध अपराधी माथि लागू गरिएको हुन्थ्यो । मिश्रको प्राचीन सभ्यताले कानूनलाई

नैतिकतामा सीमित राख्न खोज्यो फलस्वरूप कानूनको वृहत व्यवस्था हुन सकेन। तैपनि समान न्याय, पुनरावेदनको व्यवस्था तथा पूर्वनिर्णयको कदर जस्ता कुराले कानून निकै परिष्कृत तथा मर्यादित थियो भन्न सकिन्छ।

मिश्रको सभ्यताको समकालीन सभ्यता टाईग्रस (Tigires) तथा युफ्रेटस (Eupharates) नदीको उपत्यकामा अवस्थित मेसोपोटामियाको सभ्यता हो। मैले यो सभ्यता अन्य दृष्टिकोणले मिश्रको सभ्यताको दाँजोमा पुग्न नसक्ला तर पनि कानूनको दृष्टिकोणमा दाँज्ने हो भने मिश्रको सभ्यताभन्दा निकै सम्पन्न छ। युफ्रेटस वासीले कानूनलाई केवल नैतिकतामा सीमित राखेनन् बरू सकेसम्म वैधतामा ढाल्ने प्रयास गरे। मेसोपोटामियामा समय समयमा विभिन्न जातिले राज्य गरे जसले गर्दा कानूनको विकास क्रमिक रूपले हुन सकेन तैपनि विकासको क्रममा ताल्चा नै चाहि कहिले पनि लागेन। मेसोपोटामियामा जब सुमेरियन जातिले प्रवेश गरे तब कानूनले पनि आफ्नो खुट्टा टेक्यो। त्यसैले यहाँ पहिला सुमेरियन जातिको कानूनी व्यवस्थाको विषयमा उल्लेख गरिन्छ।

जसरी मिश्रको कानून नैतिकतामा आधारित छ त्यसरी नै सुमेरियन जातिको कानून वैधानिकतामा आधारित छ। मेसोपोटामियामा सबैभन्दा पहिला कानूनको सुत्रपात गर्ने जाति सुमेरियन जाति नै हुन्। सुमेरियनहरूले आफ्नो कानून रीति रिवाज तथा परम्पराबाट विकास गरेका थिए। त्यसैले पछिसम्म पनि जंगली युगका केही विशेषताका अवशेष फेला पर्दछ। सर्वप्रथम डुंगी (Dungi)ले कानूनको संहिताकरण गरे त्यसपछि हम्बुराबीले यसलाई पूर्णतया संशोधन गरी कानूनलाई अर्को संग्रहमा सहिताकरण गरे जसले गर्दा डुंगीको संग्रहको मौलिकरूप (Original form) रहेन तापनि सुमेरियन कानूनको आधार भने डुंगीको संग्रह नै हो।

सुमेरियन कानूनको मूल विशेषता प्रतिकारात्मक कानून (The Law of retaliation) हो। जसअनुसार आँखा फुटाइदिनेलाई बदलामा आँखा नै फुटाइ दिने सजाय सुमेरियनहरूले दिन्थे। यो भन्दा अन्य छूट सुमेरियन कानूनले कहिले पनि दिएन। यसरी सजायको कठोर व्यवस्था भएता पनि न्यायालयको व्यवस्थित खोजी भने सुमेरियनले दिएका थिएनन्। उनीहरूको न्यायालय अर्धवैयक्तिक प्रशासनिक इकाईको (Semi Private administrative justice) रूपमा छ। अपराधीलाई न्यायालयसम्म ल्याउन अदालत वाध्य छैन। जुन व्यक्ति अपराधको शिकार बन्छ उसले वा उसको परिवारले अपराधीलाई न्यायालयसम्म पुऱ्याउनु पर्दथ्यो। न्यायालयले त केवल मध्यस्थ (umpair) को काम मात्र गर्दथ्यो। यदि पक्षले अपराधी घोषित गर्न सकेको खण्डमा न्यायालयले सजाय कार्यान्वयनको लागि सिपाहीलाई आदेश दिन्थ्यो।

सुमेरियन कानूनको एक अर्को अनौठो विशेषता हो वर्गको आधारमा सजायको व्यवस्था गर्नु। सुमेरियन कानूनले सम्पूर्ण जनतालाई तीन वर्गमा विभाजित गरेको छ(१)कुलीन वर्ग (Patricians or Aristocrats) (२) साधारण वर्ग(Commoners or Burghers) तथा (३) दासदासी वर्ग(Serf or Slave) साधारण वर्ग तथा दास वर्गको दाँजोमा कुलीन वर्गको हत्या गर्नु ज्यादै जघन्य अपराध हुन्थ्यो। यस्तो अपराध गर्नेलाई अपराधको शिकार हुनेको परिवारले चाहे जसरी सजाय गराउन सक्दथे तर कुनै मुद्दामामलामा अपराधको आधारमा पनि सजाय हुनसक्दथ्यो। अतः सुमेरियन जातिको कानून तल्लो दुई वर्गको निमित्त ज्यादै कठोर छ। यसैले कानूनको अगाडि समानता (Equality before law) पाइँदैन। सुमेरियन जातिले घटनावश तथा मनशाययुक्त अपराधलाई एउटै दृष्टिकोणले हेर्दथ्यो यसमा पनि एकातिर कुलीन वर्गले सजायमा छूट पाएको छ भने अर्कोतिर तल्लो दुई वर्ग कठोर सजायका भागी बनेका छन्। यसरी हेर्दा सुमेरियन जातिको कानून समकालीन मिश्रको कानूनभन्दा निकै तल देखिन्छ। यस बाहेक सुमेरियन कानूनले क्षमादान दिने तथा अपराधीलाई दास बनाउन सकिने व्यवस्था पनि गरेको छ।

सुमेरियन जातिपछि मेसोपोटामियामा वेविलोनियन जातिले राज्य गरे। वेविलोनियन जातिले कानूनको क्षेत्रमा आफ्नै मौलिकता लिएर आएका थिएनन्। वेबिलोनियन जातिको कानूनले मेसोपोटामियाको प्राचीन कानूनलाई निकै विकसित गरेको छ। राज्यविरुद्धका

धमा वेविलोनियन कानूनमा स्पष्ट सुमेरियन कानूनको
परेको छ। जब वेविलोनियनले हातमा सत्तालिए तब
न्दा पहिलो राज्यविरुद्धका अपराधको तालिका
ए जसअन्तरगत फिरङ्गी र भट्टिवालालाई (मादक
र्थ बेच्ने) राज्यका अपराधी घोषित गरी मृत्युदण्डको
को व्यवस्था गरियो। वेविलोनियन जातिको कानूनले
लयलाई अर्ध वैयक्तिक प्रशासनिक इकाईको रूपमा
सीमित गरेनन् सार्वजनिक सुरक्षाको पूर्ण अधिकार
न्यायालयलाई दिए। न्याय व्यवस्थालाई सुसंगठित
राज्यका कर्मचारीलाई सक्रिय गराए। एकातिर
यन जातिको भन्दा वेविलोनियन जातिको कानूनी
था व्यापक छ भने अर्कोतिर सजायको दृष्टिकोणले
यन कानूनभन्दा वेविलोनियन कानून अरू अमानुषिक
साना साना अपराधमा पनि मृत्युदण्डको व्यवस्था
ो छ। साथै जनस्वतन्त्रता प्रति सुमेरियन कानूनभन्दा
लोनियन कानून ज्यादा संकिर्ण छ। जस्तै व्यभिचार गर्नु
लोनियन कानूनमा राज्य विरूद्धको अपराध हो। त्यसैले
चार गर्नेलाई मृत्युदण्डको सजाय हुन्थ्यो। यद्यपि
ारात्मक कानूनको व्यवस्था वेविलोनियन कानूनमा
को छैन तैपनि व्यवहारमा भने यसको स्पष्ट प्रयोग
ो देखिन्छ। मालिकको अधिकारमा बाधापार्ने नोकर-
सुमेरियन कानूनमा बेच्ने व्यवस्था गरिएको छ भने
लोनियन कानूनमा उसलाई नबेचेर उसका कान
ढिने व्यवस्था गरेको पाइन्छ।

यी खराब कार्यलाई छोडेर सुधारात्मक पाइला
मा वेविलोनियन जातिको निकै ठूलो देन छ। विभिन्न
मध्ये प्रमुख देन वाणिज्य कानूनको प्रतिपादन पनि
राज्यको व्यापारको व्यापक उन्नति गर्न उनीहरूले
य ऐनको व्यवस्था गरे जसद्वारा बजार, बैंक, उद्योग,
कुराहरू राज्यको नियन्त्रणमा राखियो। स्वतन्त्र
र्धा (Free Competition) ले व्यापारको
मा भन्दा कालाबजार बढ्छ भन्ने कुरामा उनीहरू
थे। कसैले कालाबजार गर्छ भने उ अवश्य नै
सजायको भागी बन्दथ्यो। यसको साथसाथै साझा
(Partnership) तथा संघ संस्था (Agen-
) को व्यवस्था कानूनले नै तोकिदिएको थियो।

यसपछि अर्को मुख्य देन भूमिसम्बन्धी कानूनमा छ। खेती-पातीको उन्नती गर्न गराउने हेतुले कुलो नहर मास्न नपाउने तथा जग्गा पर्ति राख्न नपाउने जस्ता कुराको व्यवस्था कानूनले नै गरेको छ। यस प्रकारको उल्लंघन गर्नेलाई राज्यले सजाय गर्ने व्यवस्था गरेको पाइन्छ। यसरी नै करारको सम्बन्धमा पनि सजाय गर्ने पनि केही उल्लेख गरिएको छ। करार गर्दा लिखत तथा साक्षीको व्यवस्था अनिवार्य मानिएको छ। यी दुई कुराको उल्लंघन गरी कसैले करार गर्छ भने उसलाई मृत्युदण्डको सजाय हुन्थ्यो।

६ वर्षभन्दा बेसी दास बनाएर कसैलाई राख्न नपाइने र उसको पारिश्रमिक पनि दिनुपर्ने। स्वास्नी छोराछोरी ऋणमा बन्धक लिदा चार वर्षभन्दा बेसी लिन नपाइने इत्यादि उल्लेखनीय सुधार छन्। सर्सर्ती हेर्दा वेविलोनियन कानून व्यवहारमा निकै क्रूर भएर पनि कानूनको विकासमा गतिलो देन दिन सफलभएको छैन भन्नु तथ्यसंगत हुन आउँदैन। वेविलोनियन जातिपछि मेसोपोटामियामा एजरियन जातिले राज्य गरे। एजरियन जाति पनि विना मौलिक संस्कृति मेसोपोटामियामा आएका हुन्। यिनीहरू मेसोपोटामियाको तत्कालिन कानूनसंग प्रभावित भएनन्। त्यसैले सुमेरियन जाति तथा वेविलोनियन जातिको भन्दा एजरियन जातिको कानूनी व्यवस्थामा धेरै अन्तर छ। सबैभन्दा पहिला एजरियनहरूले सुमेरियन जाति र वेविलोनियन जातिको प्रतिकारात्मक कानूनलाई मासिदिए।

यतिमात्र होइन वेविलोनियन जातिका बेवास्तापूर्ण सजायका व्यवस्थालाई पनि फ्याँकिदिए। व्यभिचारलाई मृत्युदण्डबाट छुट दिए तापनि गर्भपात भने एजरियन जातिको कानूनमा ठूलो अपराध नै थियो र यसलाई मृत्युदण्डको सजाय हुन्थ्यो यस्तो अनैतिक मानिने अपराध-लाई रोक्न अन्य सामाजिक प्रयास गरिएका थिए।

स्त्रीहरू प्रति एजरियनहरूको धारणा निकै विकसित देखिन्छ। स्त्रीहरूलाई गाईवस्तुको जस्तो व्यवहार गर्नबाट रोक लगाउन, छोडपत्र, बहुविवाह गर्न नपाउने, नयाँ स्त्री धर्म बचाउन विवाहिता स्त्रीले मुख छोपेर हिड्नु पर्ने जस्तो कानूनी व्यवस्था गरिएको थियो। एजरियन जातिले यो

भन्दा विशेष अन्य नौलो कानूनको व्यवस्था गरी व्यापक देन दिएको देखिदैन तर पनि सुमेरियन तथा वेविलोनियन जातिका अमानवीय कानूनको निर्मूल गर्नु नै उनीहरूको ठूलो देन हो भन्न सकिन्छ ।

मेसोपोटामियाको सभ्यतापछि अब अरब मरूभूमिको सभ्यता(Civilization of Arabian Desert) को सम्बन्धमा केही उल्लेख गर्नु युक्तिसंगत हुनआउँछ । प्राचीन अरबको सभ्यता भन्नुनै हालको पेलेस्टाइन, इजरायल तथा सिरियाई भूमिको सभ्यता हो । यस सभ्यताको मुख्य देन पनि जाति हो,त्यसैले यहाँ हिन्दू जातिको सभ्यता उल्लेख गर्नु प्रासंगिक नै ठहरिएला ।

कानूनको दृष्टिले हेर्दा हिब्रु सभ्यता लगभग मेसोपोटामियाको सभ्यताको नजिक पुग्छ, अतः हिब्रुहरू पनि नैतिकता भन्दा वैधानिकतामा विश्वास गर्दछन् । हिब्रुहरूले विज्ञान र कलाभन्दा कानूनको धेरै विकास गरेका छन् । हिब्रु जातिको कानून मेसोपोटामियाको कानूनभन्दा निकै उदार देखिन्छ । हिब्रुहरू पाहुनाप्रति ज्यादै उदार थिए–यसैले बेबिलोनियन जस्तो फिरंगीलाई सजाय गर्दैनथे । हिब्रुहरू गरीबप्रति पनि मेसोपोटामियाका शासक जस्तो क्रुर थिएनन् । न्यायाधीश र अन्य अधिकारी जनताबाट छानिन्थे । अपराधमा कुनै पनि वर्गलाई क्षमा हुँदैनथ्यो र पक्षपातसंगै न्यायाधीशलाई दण्ड दिइन्थ्यो । अन्य सभ्यतामा जस्तो हिब्रुको कानूनमा दोस्रो व्यक्तिलाई सजाय गर्ने व्यवस्था छैन । यदि बाबु आमाको गल्तीले बच्चाले अपराध गर्छ भने बाबु आमालाई सजाय गर्न नसकिने व्यवस्था यिनीहरूको कानूनले गरेको छ ।

अन्धविश्वास र सामाजिक कुरीतिलाई हटाउन इन्द्रजाल, भुतपिचाश जस्ता तान्त्रिक विद्याको साधनमा रोक लगाएको थियो । यस्तो काम गर्नेलाई सजायहुन् राजालाई धेरै सम्पत्ति राख्न कानूनले रोक लगा थियो ।

निचोडमा के भन्न सकिन्छ भने नाइल तथा युफ्रे सभ्यताको प्ररिप्रेक्षमा कानूनको विकास क्रमलाई हेर्दा निष्पक्षमा हुनुपर्छ कानूनको अगाडि सबै समान हु भन्ने आधुनिक धारणाको विकास मात्र होइन यसरी रिक्त वैधानिकता तथा नैतिक दृष्टिले हेर्न बाँकी प्राचीन सभ्यतामा कानूनको आदर तथा सम्मान हुन्थ्यो भन्ने कुरा प्रष्ट हुनजान्छ । पूर्वनिर्णय पुनरावेदन जस्ता कुराको व्यवस्थाले त्यतिबेलाको निकै परिष्कृत रहेछ भन्न पनि हामीलाई कर लाग्छ ।

## सहायक सामग्री


(i) Western Civilization:– by W. W. N

(ii) History of Political Philosophy:- b H. Sabine

(iii) History of western political thought:- Vindyalaya Joshi and Suresh Chan Pant

(iv) Topics and Opinions [First Series] (What civilization is not, and what is Selected and Edited by A. F. Scott.

(v) Great lives and Great deeds. (The Reader's Digest) [A selection of memorable biogra from the reader's digest]


★ ★ ★